# बर्षेनी पहिरोले भत्किने सिँचाई कुलोबाट उन्मुक्ती




रमा शाही
**रोजगार संयोजक**
**बुढीनन्दा नगरपालिका, बाजुरा**
**संपर्क नं. ९८४४७९५८४९**
**ईमेलः rama.shahi008@gmail.com**


विगतको प्रशासनिक विभाजन अनुसार सेती र महाकाली अञ्चल अन्तर्गतका ९ जिल्ला रहेको यस सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला सेती अञ्चलमा पर्ने पहाडी जिल्ला हो । राज्यको पुर्नसंरचना अनुसार यस जिल्लामा ९ वटा स्थानीय तह रहेका छन जसमा ४ नगरपालिका र ५ गाँउपालिका छन ।यस जिल्लामा रहेका ४ नगरपालिका मध्ये बुढीनन्दा नगरपालिका पनि एक नगरपालिका हो। यो नगरपालिका प्राकृतिक सम्पदामा धनी तर भौगोलिक विकटताको कारण विकासमा ओझेलमा परेको छ। यस नगरपालिकामा जम्मा १० वडाहरु रहेका छन । बाजुरा जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थति यो नगरपालिका जिल्ला सदरमुकाम मार्तडी देखि ३८ कि.मि दुरीमा रहेको छ।यस नगरपालिकामा कृषि तथा पशुपालनको क्षेत्रमा करिब ९० प्रतिशत मानिसहरु संलग्न रहेका छन ।



यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम वि.सं. २०७५ फागुनमा सुभारम्भ भए पश्चातका पाँच आर्थिम वर्षहरुमा मुलतः यस नगरपालिकाले न्यूनतम रोजगारीका लागि सूचिकृत भएका विपन्न रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई बिद्यालय घेरवार, आधारभुत स्वास्थ्य चौकी घेरवार, गाँउ भित्रका गोरेटो बाटो विस्तार तथा सोलिङ्ग, सिँचाई कुलो मर्मत तथा निर्माण लगायतका पुर्वाधार निर्माण तथा मर्मत गरी सामाजीक सुरक्षण प्रदान गर्ने लक्ष्य राखी नगरपालिकाको दिगो विकासको अवधारणालाई यथार्थपरक बनाउन भुमीका खेलेको छ ।यो कार्यक्रम सुरु भई रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु पए देखीका आ.व. २०७६।०७७, २०७७।२०७८ र २०७८।०७९ मा क्रमशः २०३६, १७९८, ३३१५, २१०८ व्यक्तिहरु सुचिकृत हुनुले यस कार्यक्रम प्रति स्थानीयको आकर्षण र भरोसालाई बुझ्न सकिन्छ ।सूचिकृत व्यक्तिहरु मध्यबाट हाल सम्म १७८८ व्यक्तिहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

## मटेली सिँचाई कुलो मर्मत योजनाः

बुढीनन्दा नगरपालिकामा कृषि क्षेत्रका लागि सिमित जमिन भएता पनि यस नगरपालिकाका अधिकांश परिवार कृषिमा आर्षित रहेका छन् ।उष्ण जलवायुको प्रभाव देखिने यस भेगमा हिउँदमा कम वर्षा हुने गर्दछ भने वर्षातको समयमा भारी बर्षा हुने गर्दछ। हावापानी तथा जल वायु परिवर्तनका कारण समयमा वर्षा हुन नसक्नाले र पहाडी भेगले गर्दा वर्षाको पानीले सिँचाई कुलोहरु भत्काईदिने र बगाईदिने समस्याले गर्दा हरसाल जसो कुलो मर्मत तथा निर्माण गर्नुपर्ने विवश्ता यहाँका कृषकमा रहेको पाईन्छ। बुढीनन्दा नगरपालिकाको वडा नं. १ मा रहेको मटेली सिँचाई कुलोको प्रयोग ७ गाउँमा रहेको करिब ४०० घरधुरीले गर्दै आएका छन। उक्त गाउँहरुमा क्षेत्री, दलित, जनजाती आदी जातजातीको बसोबास रहेकोछ ।

**मटेली सिंचाई कुलो बन्नुअघी:** मटेली सिँचाई कुलो नबन्दा सिँचाईका लागि सास्ति भोग्नु परेको उक्त स्थानका स्थानीयले बताउँछन। गत वर्षको पानिले कुलोको कयौं ठाउँमा गएको पहिरोले कृषकमा निराशता छाएको स्थानीयले बताउँछन। कुलो साँघुरो हुदाँ पानीको बहावलाई ठाम्न नसक्ने र बर्षेनी कुलो भत्कने, बिग्रने र उक्त कुलोमा जाने पहिरोले गर्दा स्थानियले भनेको समयमा सिँचाई गर्न नपाउने, प्रत्यक दिन जसो कुलो मर्मत गर्न जानुपर्ने अवस्था रहेको थियो। साथै कुलो कहीं गहिरो त कहीं उच्च हुनाले पनि उक्त कुलोमा बग्ने पानीको बहाव समान नहुनाले सिँचाई सहज रुपमा हुन सकेको थिएन। यस्ता समस्याले गर्दा उक्त कुलोलाई दिगो मर्मतको एकदम आवश्यक्ता रहेको कुरा त्यहाँका जनप्रतिनिधि र स्थानीयले महसुस गरेपश्चात प्रधानमन्त्री रोजगार कार्यक्रमा यो योजना सिफारिस भई आएको थियो।



**मटेली सिंचाई कुलो बनेपछी:** मटेली सिँचाई कुलोलाई दिगो बनाउनका लागि आ.व. २०७९।०८० मा वडा नं. १ मा रहेको उक्त कुलो मर्मत योजना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरेको कामका लागि पारिश्रमिक आयोजना र आई.एन.एफ. नेपाल सँगको साझेदारीमा सम्पन्न भएको छ। कामका लागि पारिश्रमिक आयोजनामा छनौट भएका १६ जना श्रमिकहरुमा पनि १ जना पुरुष र बाँकी सबै महिला श्रमिक जो ३३ वर्ष देखी ५६ वर्ष समुहका हुनुहुन्थ्यो उहाँहरुले लागत ईस्टीमेटमा २३० मिटर रहेको सिँचाई कुलो १०० दिनमा २४५ मिटर (१६० मिटर आर.सि.सि.कुलो, ४० मिटर मेसेनरि वाल, ४५ मिटर ड्राई वाल) बनाई सक्काउनु भएको छ । उक्त कुलो बनाउँदा १६ जना श्रमिकको ज्याला रकम कामका लागि पारिश्रमिकबाट विनियोजित गरिएको थियो भने बाँकी आवश्यक सबै निर्माणका सामाग्री जस्तै सिमेन्ट, सरीया, प्लाईवुड आदी (दुई लाख बराबर) आई.एन.एफ. नेपालले साझेदारी गरेको थियो। यस निर्मित सिँचाई कुलोले यहाँका ७ गाउँका स्थानीय नागरीकहरु लाभान्वित भएका छन्। उक्त सिचाँई कुलोले खाद्यान्न वाली, तरकारी लगाउनका साथै पशुपालनमा सहजता भएकोछ साथै बर्षेनी जाने पहिरोबाट पनि मुक्त भएको कुरा यहाँका स्थानीयले खुसी हुदैं प्रधानमन्त्री रोजगार कार्यक्रमलाई धन्यवाद दिएका छन्। दलित, जनजाती, क्षेत्री र अन्य जातजातीको बसोबास रहेको उक्त वडामा मटेली कुलो लाभ लिनेमा करिव १७०० जनसंख्या रहेका छन। यो कुलो बनेपछी कृषकहरुले त लाभ लिनेनै भए त्यसमाथि यो कुलो बनाउनुभएका श्रमिकहरुले आफ्ना दैनिकि गुजारा चलाउन, बालबच्चा लाई स्कुल पढाउन, लुगाफाता किन्न आदि काममा सहज भएको बताउनु भएको छ।



**सरोकारवालाहरुको भनाई:** कुलो बनेपछी उक्त कुलो अनुगमन गर्न पुग्नु भएका रेडीयो शिम्भुनाथका अध्यक्ष श्री शर्पलाल गिरी ज्यूका अनुसार, कुलो साच्चिकै राम्रो र दिगो बनेको छ। साथै सिँचाई कुलोका कारण वर्षेनी सास्ति भोग्नुपरेका यहाँका कृषक लाई राहत मिलेको बताएकाछन। त्यस्तै उक्त वडा निवासी श्री हिक्मत वड ज्यू भन्नुहुन्छ सधै यो कुलोमा पहिरो जानाले उक्त कुलोको छेउछाउमा रहेका खेतियोग्य जमिन र उक्त जमिनमा लगाएका वालिनालीलाई असर गर्ने गर्थ्यो। यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमले हाम्रो वडाको यो योजनालाई समेटीदिँदा कृषकमा खुसी छाएको छ।

मटेली सिँचाई कुलो मर्मत योजनाका केही फोटोहरु:






